१५.१८

# त्रिभुवन विश्वविद्यालय
## चिकित्सा शास्त्र अध्ययन संस्थान, डीनको कार्यालय
## परीक्षा नियन्त्रण महाशाखा, महाराजगंज

**त्रि.वि.चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस,केन्द्रीय जनस्वास्थ्य विभाग तथा सम्बन्धन प्राप्त कलेजहरुको लागि स्नातक तहका विभिन्न शैक्षिक कार्यक्रममा नयाँ विद्यार्थी भर्ना गर्न आवेदन फाराम भर्ने (Online Form Submission) तथा प्रवेश परीक्षा संचालन सम्बन्धी विस्तृत सूचना**

शैक्षिक सत्र २०७६।०७७ मा चि.शा.अ.संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस, केन्द्रीय जनस्वास्थ्य विभाग तथा सम्बन्धन प्राप्त कलेजहरुमा संचालन स्वीकृति प्राप्त स्नातक तहका विभिन्न शैक्षिक कार्यक्रममा नयाँ विद्यार्थी भर्नाका लागि छनौट गर्न मिति २०७६ भाद्र २१, २२, २३ र २४ गते (7th, 8th, 9th and 10th September, 2019) बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म तोकिएका परीक्षा केन्द्रहरुमा प्रवेश परीक्षा संचालन गरिने भएकोले तोकिएको योग्यता हासिल गरेका स्वदेशी तथा विदेशी विद्यार्थीहरुबाट निम्न मिति र समयावधि भित्र आवेदन (Online Form Submission) गर्न आह्वान गरिएको छ।

नेपाल सरकार शिक्षा मन्त्रालयबाट उपलब्ध गराउने छात्रवृत्ति प्राप्त गरी चिकित्सा सम्बन्धी स्नातक तहका शैक्षिक कार्यक्रमहरुमा अध्ययन गर्नको लागि शिक्षा मन्त्रालयको छात्रवृत्ति सम्बन्धी नियमावली २०६० को छैठौं संशोधन (२०७२) को नियम १० को उप नियम २ (१) वमोजिम "विदेशी सरकार, निकाय वा शैक्षिक संस्थाबाट प्राप्त छात्रबृत्तिको लागि उम्मेदवार छनौट गर्दा त्रिभुवन विश्वविद्यालय वा सो अन्तर्गतको शिक्षण संस्थाले लिएको परीक्षाको प्राप्ताङ्कलाई आधार लिईनेछ" भन्ने व्यवस्था भए अनुरुप यही प्रवेश परीक्षा अनिवार्य उत्तीर्ण गरेको हुनुपर्नेछ ।

आवेदन Online Form यस अध्ययन संस्थानको Website: www.iomexam.edu.np र www.iom.edu.np मा उपलब्ध हुने र Online बाट मात्र Submission गर्न वा भर्न सकिनेछ । सो सम्बन्धी अन्य कुनै बैकल्पिक ब्यवस्था हुने छैन ।

## १. Online आवेदन Form Submission गर्ने मिति,समय र शुल्क:

| | | |
|---|---|---|
| बैंक दाखिला गर्ने मिति: | स्वदेशी परीक्षार्थीहरुका लागि: | २०७६ श्रावण २४ गतेदेखि भाद्र १३ गतेसम्म बैंकिङ समय भित्र (9th – 30th August, 2019 ) |
| | विदेशी परीक्षार्थीहरुका लागि: | २०७६ भाद्र १५ गते देखि भाद्र २० गतेसम्म बैंकिङ समय भित्र (1st – 6th September, 2019 within banking hours) |
| Submission गर्ने मिति: | २०७६ श्रावण २४ गतेदेखि भाद्र १५ गते ५:०० बजेसम्म (9th August – 1st September, 2019) | |
| शुल्क: | स्वदेशी परीक्षार्थी: रु.३,८५०।- (अक्षरेपी तीनहजार आठसय पचास मात्र) | |
| | विदेशी परीक्षार्थी: रु.५,०००।- (अक्षरेपी पाँचहजार मात्र) | |
| दाखिला गर्ने बैंक: | हिमालयन बैंक लिमिटेड (देश भरिका सबै शाखाहरुबाट रकम जम्मा गर्न सकिने) | |
| खाता नं.: | चल्ति हिसाब नं. ००२ ००५५५५७००५७ | |
| खाताको नाम: | **Entrance Exam TU IOM Dean's Office** | |

नोट: बैंक दाखिला भईसकेको रकम कुनैपनि अवस्थामा फिर्ता गरिनेछैन । Online Form भर्दा कुनै विवरण गलत भई सच्याउन परेमा माथि उल्लेखित बैंक खातामा थप रु. ५०० (अक्षरेपी पाँच सय मात्र) दस्तूर जम्मा गरि सोको सक्कल भौचर सहित मिति २०७६ भाद्र १५ गते ४:०० बजे भित्र परीक्षा नियन्त्रण महाशाखामा निवेदन दिन सकिनेछ ।

## २. आवेदन Online Form Submission गर्ने विधि तथा निर्देशनहरु:

क) Online form यस अध्ययन संस्थानको Website: www.iomexam.edu.np र www.iom.edu.np मा उपलब्ध हुनेछ । सो आवेदन फाराम Online माध्यम मार्फत मात्र Submission गर्न सकिनेछ ।

ख) तोकिएको समयावधि भित्र हिमालयन बैंक लिमिटेडको आफुलाई पायक पर्ने कुनैपनि शाखाबाट आवेदन शुल्क जम्मा गरी बैंक **भौचरमा कारोबार नम्बर** (Transaction No.) तथा **मोबाईल नं.** प्रष्ट भए/नभएको जांच गर्ने र सो नभएमा बैंकलाई प्रष्टसंग लेख्न लगाउने ।

ग) एक भन्दा बढी कार्यक्रममा आवेदन दिने परीक्षार्थीले प्रत्येक कार्यक्रमको लागि छुट्टा छुट्टै भौचर सहित Online आवेदन गर्नु पर्नेछ ।

घ) PCL Nursing उत्तीर्ण गरी न्युनतम योग्यता पुगेका परीक्षार्थीहरुले BNS कार्यक्रमका अतिरिक्त BPH मा आवेदन दिन पाउने छन् । **Science PCL/10+2 (Biology Group)** का न्युनतम योग्यता पुगेका परीक्षार्थीहरुले **MBBS, BDS, BPH** र अन्य बाँकी शैक्षिक कार्यक्रम मध्ये एक गरी बढीमा चार शैक्षिक कार्यक्रमहरुमा आवेदन दिन पाउनेछन् । तर आवेदन फाराम अलग अलग भरी छुट्टा/छुट्टै शुल्क बुझाउनु पर्नेछ ।

ङ) नर्सिङ कार्यक्रमहरुमा १५ प्रतिशत सिट पुरुषहरुलाई छुट्याइएको छ । तसर्थ, ती कार्यक्रमहरु (BNS र B.Sc. Nursing) मा पुरुषहरुले पनि आवेदन दिन पाउनेछन् ।

च) **Online Form भर्न चाहिने आवश्यक कुराहरु:**

- भौचरको कारोबार नम्बर (Transaction No.) (TTID Last Five Digits)
- भौचरमा उल्लेख भएको परीक्षार्थीको Contact Mobile Number
- शुल्क दाखिला गरेको बैंकको शाखा
- शुल्क दाखिला गरेको नेपाली मिति
- बैंक भौचरको Scan प्रति
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटोको Scan प्रति
- नेपाली परीक्षार्थीको हकमा नागरिकता प्रमाणपत्र तथा विदेशी परीक्षार्थीको हकमा Passport वा Adhar Card को Scan प्रति
- Science PCL, 10+2 वा Equivalent को Transcript
- Experience Letter (अनुभव माग गरिएको शैक्षिक कार्यक्रमको हकमा मात्र) को Scan प्रति

छ) Online Form भर्दा त्यहाँ बुँदागत रुपमा दिइएका निर्देशनहरुलाई ध्यानपूर्वक अध्ययन गरी सोही अनुसार Form भर्नुपर्नेछ ।

ज) Online Form को पहिलो पेजमा स्वदेशी परीक्षार्थीहरुले बैंकसंग सम्बन्धित विवरणहरु भर्नु पर्नेछ र सो विवरणहरु मिलेमा मात्र Form को दोश्रो पेज खुल्नेछ ।

झ) दोश्रो पेज यस Online Form को मुख्य पेज हो । यो पेजमा आफूसंग सम्बन्धित विवरणहरु माग गरिए अनुसार भर्नु पर्नेछ । यो पेजमा फारामको सबैभन्दा माथि देखिएको Transaction No. संग आफनो बैंक भौचरको कारोबार नम्बर मिलेको छ/छैन हेर्ने र सो नम्बर मिलेमा त्यसपछि माग गरिएको विवरणहरु जस्तै, आफुले रोजेको शैक्षिक कार्यक्रम, क्याम्पस, आफ्नो व्यक्तिगत विवरण, ठेगाना, शैक्षिक योग्यता, अनुभव माग गरिएको शैक्षिक कार्यक्रमको हकमा अनुभव सम्बन्धी विवरण तथा Experience Letter को Scan प्रति, आफ्नो पहिचानपत्र (नागरिकता प्रमाणपत्र / पासपोर्ट / आधार कार्ड) तथा सोको नम्बर, साइज अनुसारको फोटो, Transcript को Scan प्रति तथा बैंक भौचरको Scan प्रति Upload गरी सही रुपमा भर्ने । माग गरिएको सबै विवरण भरे पश्चात Self Declaration Statement **Accept** गर्नु पर्नेछ । सो नगर्दासम्म Form Save गर्न सकिने छैन । Form Save गर्दा Error आएमा, केहि विवरण भर्न छुटेको वा मागे अनुसारको विवरण नभएको हुन सक्छ र त्यस्तो ठाँउहरुमा रातो अक्षरले दर्शाएको हुन्छ । सो विवरणहरु सच्याई पुन: माथिबाट सम्पूर्ण विवरणहरु रुजु गरी Form Save गर्नुपर्नेछ ।

ञ) आफ्ना सबै विवरणहरु भरिसकेर Save गरे पश्चात अर्को पेजमा परीक्षार्थीले भरेको विवरणहरु देखिनेछ, पुन: माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको जांच गरी सही नभएमा पेजको तल दिइएको **Edit** Button Click गरि सच्याउन सकिनेछ । आफुले भरेको विवरणहरु ठिक भएमा **Submit** Button मा Click गर्ने र सो Button Click गरे पश्चात Confirmation Box आउँछ र आफुले भरेको विवरण ठीक भएमा **OK** Button मा Click गर्ने । Ok Button Click गरिसकेर Form Submit भएपश्चात **कुनै पनि विवरण सच्याउन सकिने छैन** । Form Submit भए पश्चात कुनै विवरण सच्याउन परेमा यस परीक्षा नियन्त्रण महाशाखामा तोकिएको समयभित्र दस्तुर बुझाई निवेदन दिन सकिनेछ ।

ट) Form Submit भए पश्चात Confirmation Page देखिनेछ जसलाई Print तथा Download गर्न सकिन्छ ।
(**Note:** Confirmation page भनेको Admit Card होईन । Online form भरेको प्रमाण मात्र हो ।)

ठ) स्वदेशी परीक्षार्थीहरुको हकमा, मिति २०७६ भाद्र १७ गतेपछि www.iomexam.edu.np मा गई **Print Admit Card** मा **Click** गरी त्यहाँ माग गरिएको विवरणहरु (जस्तै: आफ्नो नाम, जन्म मिति, प्रोग्राम, भौचर नं., **mobile number** आदि) भरी परीक्षार्थीहरु आफैले प्रवेशपत्र (Admit Card) Print गर्नु पर्नेछ ।

ड) विदेशी परीक्षार्थीहरुको हकमा Online Form भर्दा बैंक भौचर Upload गर्नु नपर्ने, Transaction Number पनि राख्न नपर्ने र प्रवेशपत्र (Admit Card) को सट्टा Confirmation Sheet Print गर्नु पर्नेछ ।

ढ) विदेशी परीक्षार्थीको प्रवेशपत्र (Admit Card) मिति २०७६ भाद्र १७ गते (3rd September, 2019) विहान १०:०० बजेदेखि २०७६ भाद्र २० गते (6th September, 2019) अपरान्ह ४:०० बजेसम्म यस अध्ययन संस्थानको सूचना प्रविधि विभागबाट वितरण गरिनेछ । प्रवेशपत्र (Admit Card) लिने समयमा आवेदन शुल्क जम्मा गरेको बैंक भौचर, Confirmation Sheet र Identification Document (Passport / Adhar Card) तथा सोको प्रतिलिपि (Photocopy) अध्ययन संस्थानको सूचना प्रविधि विभागमा बुझाउनु पर्नेछ ।

| **Upload गर्नु पर्ने Scanned Documents** | स्वदेशी परीक्षार्थी | विदेशी परीक्षार्थी |
|---|---|---|
| तोकिए अनुसारको फोटो | ✔ | ✔ |
| बैंक भाउचर | ✔ | X |
| नागरिकता प्रमाणपत्र | ✔ | X |
| पासपोर्ट वा आधार कार्ड | X | ✔ |
| Transcript / Marksheet (10+2, PCL or Equivalent) | ✔ | ✔ |
| एक वर्ष अनुभवको प्रमाण पत्र | **BNS Program को लागि मात्र** | |

## ३. आवेदन दिनका लागि न्यूनतम योग्यता, प्रवेश परीक्षामा सोधिने विषयहरु तथा अंक विभाजन

| S. N. | Program | Eligibility Criteria | | | | Subjects asked and Mark Distributions (Full marks: 100) | |
|---|---|---|---|---|---|---|---|
| | | **Marking System** | Grading System | | | | |
| | | | **GPA** | C+ ल्याएको हुनुपर्ने | C ल्याएको हुनुपर्ने | | |
| 1. | **MBBS/ BDS** | Science PCL/10+2 (Biology Group) or Equivalent, English लगायत सबै विषयमा उत्तीर्ण भै ५० % ल्याएको हुनुपर्ने तथा Physics / Chemistry / Biology मा (PCB) पनि छुट्टाछुट्टै ५०% ल्याएको हुनुपर्ने । | 2.4 | Physics Chemistry Biology | GPA 2.4 पुग्नेगरी बांकी विषयमा C ल्याएको हुनुपर्ने | Zoology-30 Botany-20 Chemistry-30 Physics-20 | |
| 2. | **B.Optom / BASLP/ B.Sc. Nursing** | Science PCL/10+2 (Biology Group) or Equivalent, English लगायत PCB Theory/Practical विषयमा बेग्लाबेग्लै उत्तीर्ण भै कूल पूर्णाङ्कमा ५०% ल्याएको हुनुपर्ने । | 2.4 | - | GPA 2.4 पुग्नेगरी English र PCB Theory / Practical मा बेग्लाबेग्लै र बांकी विषयहरुमा C ल्याएको हुनुपर्ने | | |
| 3. | **BPH** | (i) PCL General Medicine, Health Lab , Radiography, Pharmacy, Physiotherapy, HE & sanitation, Ayurveda, Ophthalmology & Nursing) उत्तीर्ण भै कूल पूर्णाङ्कमा न्यूनतम ५०% ल्याएको हुनुपर्ने । | 2.4 | - | (i) GPA 2.4 पुग्नेगरी विषयहरुमा कम्तिमा C ल्याएको हुनुपर्ने | Zoology -20 Botany - 20 Chemistry - 20 Physics -20 | General Health - 20 |
| | | (ii) Science PCL/10+2 (Biology Group) or Equivalent, English लगायत Physics / Chemistry / Biology विषय Theory/Practical मा बेग्लाबेग्लै उत्तीर्ण भै कूल पूर्णाङ्कमा ५०% ल्याएको हुनुपर्ने । | | | ii) GPA 2.4 पुग्नेगरी English र PCB Theory / Practical मा बेग्लाबेग्लै र बांकी विषयहरुमा C ल्याएको हुनुपर्ने | | |
| 4. | **B.Sc. MLT** | (i) PCL Health Lab or Equivalent उत्तीर्ण भै कूल पूर्णाङ्कमा न्यूनतम ५०% ल्याएको हुनुपर्ने । | 2.4 | - | (i) GPA 2.4 पुग्नेगरी विषयहरुमा कम्तिमा C ल्याएको हुनुपर्ने | | Specific Subject- 20 |
| | | (ii) Science PCL/10+2 (Biology Group) or Equivalent, English लगायत Physics / Chemistry / Biology विषय Theory/Practical मा बेग्लाबेग्लै उत्तीर्ण भै कूल पूर्णाङ्कमा ५०% ल्याएको हुनुपर्ने । | | | (ii) GPA 2.4 पुग्नेगरी English र PCB Theory / Practical मा बेग्लाबेग्लै र बांकी विषयहरुमा C ल्याएको हुनुपर्ने | | |
| 5. | **BAMS** | (i) PCL Ayurveda 3 Years उत्तीर्ण भै कूल | 2.4 | - | (i) GPA 2.4 पुग्नेगरी | Zoology - | Specific |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्कमा न्यूनतम ५०% ल्याएको हुनुपर्ने । | | | विषयहरुमा कम्तिमा C ल्याएको हुनुपर्ने | 20<br>Botany - 20<br>Chemistry - 20<br>Physics -20 | Subject-20 |
| | | (ii) Science PCL/10+2 (Biology Group) or Equivalent, English लगायत Physics / Chemistry / Biology विषय Theory/Practical मा बेग्लाबेग्लै उत्तीर्ण भै कूल पूर्णाङ्कमा ५०% ल्याएको हुनुपर्ने । | | | (ii) GPA 2.4 पुग्नेगरी English र PCB Theory/ Practical मा बेग्लाबेग्लै र बांकी विषयहरुमा C ल्याएको हुनुपर्ने | | |
| | | (iii) उत्तरमध्यमा वा सो सरहको परीक्षामा मूल विषय बायोलोजीका अतिरिक्त भौतिक शास्त्र, रसायन शास्त्र र अंग्रेजी विषयहरु लिई कूल पूर्णाङ्कमा न्यूनतम ५०% ल्याएको हुनुपर्ने । | | | (iii) GPA 2.4 पुग्नेगरी विषयहरुमा कम्तिमा C ल्याएको हुनुपर्ने | | |
| 6. | **B.Sc. MIT** | (i) PCL Radiography or Equivalent उत्तीर्ण भै कूल पूर्णाङ्कमा न्यूनतम ५०% ल्याएको हुनुपर्ने ।<br>(ii) Science PCL/10+2 (Biology Group) or Equivalent, English लगायत Physics / Chemistry / Biology विषय Theory/ Practical मा बेग्लाबेग्लै उत्तीर्ण भै कूल पूर्णाङ्कमा ५०% ल्याएको हुनुपर्ने । | 2.4 | - | (i) GPA 2.4 पुग्नेगरी विषयहरुमा कम्तिमा C ल्याएको हुनुपर्ने<br>(ii) GPA 2.4 पुग्नेगरी English र PCB Theory/ Practical मा बेग्लाबेग्लै र बांकी विषयहरुमा C ल्याएको हुनुपर्ने | Zoology-15<br>Botany-15<br>Chemistry -25<br>Physics-25<br>Specific Subject -20 | |
| 7. | **B.Pharmacy** | (i) PCL Pharmacy or Equivalent उत्तीर्ण भै कूल पूर्णाङ्कमा न्यूनतम ५०% ल्याएको हुनुपर्ने ।<br>(ii) Science PCL/10+2 (Biology Group) or Equivalent, English लगायत Physics / Chemistry / Biology विषय Theory/Practical मा बेग्लाबेग्लै उत्तीर्ण भै कूल पूर्णाङ्कमा ५०% ल्याएको हुनुपर्ने । | 2.4 | - | (i) GPA 2.4 पुग्नेगरी विषयहरुमा कम्तिमा C ल्याएको हुनुपर्ने<br>(ii) GPA 2.4 पुग्नेगरी English र PCB Theory/ Practical मा बेग्लाबेग्लै र बांकी विषयहरुमा C ल्याएको हुनुपर्ने | Zoology -20<br>Botany -20<br>Chemistry-25<br>Physics-15<br>Specific Subject -20 | |
| 8. | **BNS** | PCL Nursing उत्तीर्ण भै कूल पूर्णाङ्कमा न्यूनतम ५०% ल्याएको हुनुपर्ने । २०७६ भाद्र १५ गते सम्म १ वर्षको कार्य अनुभव पुरा भएको हुनुपर्ने । | 2.4 | - | GPA 2.4 पुग्नेगरी विषयहरुमा कम्तिमा C ल्याएको हुनुपर्ने | Problem solving-50<br>Core Subjects-50 | |

## ४. प्रवेश परीक्षा दिन आंउदा ल्याउनु पर्ने कागजातहरु:

क) प्रवेशपत्र (Admit Card)

ख) नागरिकता प्रमाणपत्रको सक्कल (विदेशीको हकमा पासपोर्ट वा आधार कार्ड)

## ५. प्रवेश परीक्षा सम्बन्धी जानकारी:

क) प्रवेश परीक्षा:

| मिति | परीक्षा समय | परीक्षा केन्द्रमा पुग्ने समय | प्रवेश परीक्षा हुने शैक्षिक कार्यक्रमहरु |
|---|---|---|---|
| २०७६ भाद्र २१ गते, शनिवार (7 September, 2019) | बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म | बिहान ७:०० बजे | MBBS |
| २०७६ भाद्र २२ गते, आईतवार (8 September, 2019) | बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म | बिहान ८:०० बजे | BDS, BNS |
| २०७६ भाद्र २३ गते, सोमवार (9 September, 2019) | बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म | बिहान ८:०० बजे | B.Optom., BASLP, B.Sc.Nursing, B.Pharm, B.Sc. MIT, B.Sc. MLT & BAMS |
| २०७६ भाद्र २४ गते, मंगलवार (10 September, 2019) | बिहान १०:०० बजेदेखि १२:०० बजेसम्म | बिहान ८:०० बजे | BPH |

ख) प्रवेश परीक्षामा Multiple Choice Questions (MCQ) सोधिनेछ । प्रत्येक MCQ बराबर एक अङ्क हुनेछ । प्रत्येक MCQ मा निम्नानुसार चार Options हुनेछन्, जसमध्ये एक मात्र सही उत्तर हुनेछ । उत्तरपुस्तिका एउटै दिइनेछ जसमा प्रत्येक प्रश्नको लागि ४ वटा Bubble हुनेछ । जस्तै:

**Which One of the following insect transmits kala-azar?**

**A) Sandfly** **B) Mosquito**
**C) Housefly** **D) Butterfly**

Answer Sheet

| A | B | C | D |
|---|---|---|---|
| ◯ | ◯ | ◯ | ◯ |

ग) परीक्षार्थीहरुलाई Black Gel Pen परीक्षा कोठामा उपलब्ध गराईने छ । प्रवेश परीक्षा दिंदा Black Gel Pen ले सफा र स्पष्टसंग उत्तरपुस्तिकामा भएको आफूलाई सही लागेको एउटा Option को मात्र Bubble मा ⬬ यसरी पुरै पोतेर भर्नु पर्नेछ । Pencil ले लेखेको, केरमेट गरेको वा Correcting Fluids लगाएको, एउटा भन्दा बढी Bubble मा पोतेको उत्तरमा कुनै अङ्क दिइने छैन । Bubble मा अन्य किसिमका चिन्हहरु जस्तै x अथवा ⊘ मान्य हुनेछैन ।

| A | B | C | D |
|---|---|---|---|
| ⬬ | ◯ | ◯ | ◯ |

घ) स्नातक तहका सम्पूर्ण शैक्षिक कार्यक्रमहरुमा पूर्णाङ्क १०० भएको एक पत्रको मात्र प्रवेश परीक्षा हुनेछ । उत्तीर्ण हुन कम्तीमा ५० प्रतिशत अंक ल्याउनुपर्नेछ ।

ङ) कुनै प्रश्नको उत्तर गलत भएमा Negative Marking गरिने छैन ।

च) उत्तरपुस्तिकामा नाम, रोल नं. आदि नलेखी खाली छाडेमा त्यस्ता परीक्षार्थीको उत्तरपुस्तिका रद्द गरिनेछ ।

छ) परीक्षार्थीहरुले परीक्षा हल भित्र Mobile, Calculator, Bluetooth, I-Pad, Tablet PC, Earphones, Laptop, Smart watch जस्ता Electronic उपकरणहरुका साथै गरगहना, घडी र कलम समेत ल्याउन पाउने छैन । यदि साथमा राखेको पाइएमा परीक्षा हलबाट तुरुन्त निष्काशन गरिनेछ ।

ज) परीक्षार्थीले प्रवेश परीक्षा शुरु भएको १५ मिनेटपछि परीक्षा केन्द्रमा प्रवेश गर्न पाउनेछैन र परीक्षा समाप्त नभएसम्म परीक्षा कोठाबाट बाहिर जान पाईनेछैन । साथै प्रवेश परीक्षा समयावधि भरि शौचालय (Toilet) समेत जान पाइने छैन ।

झ) परीक्षार्थीहरुले लगाई आएको चश्मा पनि जांच गरिनेछ । Power चश्मा मात्र लगाउन पाईनेछ । अन्य कुनै खालको चश्मा लगाउन पाईनेछैन ।

ञ) प्रत्येक परीक्षार्थीहरुको सुरक्षा जांच गरिने हुंदा कुनै पनि किसिमको धातुले बनेको पदार्थ, बेल्ट इत्यादि पनि नलगाई आउनु पर्नेछ । शंकास्पद परीक्षार्थीलाई परीक्षा केन्द्रभित्र प्रवेश गर्नुभन्दा अगाडि र पछि पनि कडा जांच गर्न सकिनेछ । परीक्षार्थीहरुको एक/एक गरी सुरक्षा जांच गर्ने भएकोले पहिलो दिन परीक्षा शुरु हुनु भन्दा ३ घण्टा अगाडि तथा दोश्रो, तेश्रो र चौथो दिन २ घण्टा अगाडि नै प्रत्येक परीक्षार्थी आ आफ्नो परीक्षा केन्द्रमा पुगिसक्नु पर्नेछ ।

त) नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएको पाइएमा त्यस्ता परीक्षार्थीको परीक्षा नतिजा प्रकाशन पूर्व, नतिजा प्रकाशन पश्चात् वा भर्ना भई अध्ययनरत अवस्थामा भए पनि भर्ना रद्द गरिनेछ । साथै, नक्कली परीक्षार्थी खडा गर्ने व्यक्ति र नक्कली परीक्षार्थी दुवैलाई त्रि.वि.नियमानुसार कारवाही गरि अन्य कारवाहिको लागि नेपाल सरकारको सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

## ६. आरक्षित तथा स्टाफ सीटका सम्बन्धमा:

क) आरक्षित समूहको विभाजन एवं सीट संख्या निर्धारण त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ११ मा व्यवस्था भए अनुसार गरिने छ । आरक्षित सीटमा भर्ना सम्बन्धमा "चि.शा.अ.संस्थानका आंगिक क्याम्पसमा आरक्षण सीटमा विद्यार्थी भर्ना सम्बन्धी विनियम २०७४" अनुरुप हुनेछ । त्यस्ता सीट पूर्ति नभएमा Open तर्फ लगि योग्यताक्रमानुसार विद्यार्थी छनौट गरिनेछ ।

ख) कुनैपनि आरक्षित सिटमा भर्ना हुन चाहने परीक्षार्थीहरुले भर्ना हुने समयमा आफू सो समूहमा पर्ने स्पष्ट प्रमाण खुल्ने प्रमाणपत्रहरु (पछि Online सूचना मार्फत जानकारी गराईने) पेश गर्नुपर्नेछ ।

ग) उक्त सीटहरूमा सहुलियत सीट तर्फ भर्नाको योग्यताक्रम एवं प्रवेश परीक्षाको नतिजा प्रकाशन भए पछि मात्र सहुलियत शुल्कको योग्यताक्रममा नपरेका तर प्रवेश परीक्षामा सफल रहेका सम्बन्धित समुदायका परीक्षार्थीहरु मध्येबाटै आवश्यक कागजात सहित निवेदन माग गरिनेछ ।

घ) आरक्षित समुदायका लागि छुट्टयाइएको स्वीकृत सीट संख्यामा सोही समुदायका परीक्षार्थीहरु बीच मात्र प्रतिशपर्धा गराई भर्ना गरिनेछ ।

ङ) त्रि.वि.चि.शा.अ.संस्थानमा १० बर्ष सेवा गरेका स्थायी शिक्षक/कर्मचारीहरुका छोरा/छोरीका लागि MBBS र BAMS शैक्षिक कार्यक्रमहरुमा छुट्याइएको १/१ सीटमा प्रवेश परीक्षा उत्तीर्ण भएकाहरुबाट आवेदनको लागि

त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थान परीक्षा नियन्त्रण महाशाखा महाराजगंज

परीक्षाफल प्रकाशित गर्दा मिति तोकिनेछ । प्रवेश परीक्षाको योग्यताक्रम अनुसार छनौट हुनेछ । आवेदन साथ तपसिलका कागजात अनिवार्य रुपले पेश गर्नुपर्ने छ ।

१) कार्यरत शिक्षक/कर्मचारीले परीक्षार्थी आफ्नो छोरा/छोरी भएको आधिकारिक पत्र ।

२) त्रि.वि.चि.शा.अ. संस्थान अन्तर्गतका क्याम्पस, केन्द्र तथा अस्पतालमा दरवन्दी वा काजमा रही अविच्छिन्न वा पटक पटक गरी कम्तिमा १० बर्ष पूरा सेवा गरेको र हाल त्रि.वि. को वहालवाला शिक्षक/कर्मचारी भएको आधिकारिक पत्र । चि.शा.अ. संस्थान अन्तर्गत दरवन्दी रही अन्य निकायमा कार्यरत रहेको सेवा अवधिको गणना हुनेछैन ।

३) सम्बन्धित शिक्षक/कर्मचारीको नागरिकताको फोटोकपी ।

४) परीक्षार्थीको नागरिकताको फोटोकपी वा नावालक/नाबालिकाको प्रमाणपत्र वा +2 को परीक्षाको प्रवेश पत्र ।

## ७. नतिजा प्रकाशन, Counseling तथा भर्ना प्रकृया:

क) प्रवेश परीक्षाको नतिजा प्रकाशनसगै वा लगतै Open House Counseling को मिति निश्चित गरिने छ र योग्यताक्रमानुसार आङ्गिक क्याम्पस, केन्द्रीय जनस्वास्थ्य विभाग तथा सम्बन्धन प्राप्त कलेजहरुमा Counseling मार्फत परीक्षार्थी स्वयंको रोजाई र प्राथमिकता अनुसार पारदर्शी तवरबाट विद्यार्थी भर्ना छनौट सूचि तयार गरी Open House Counseling मार्फत योग्यता क्रमानुसार सिट र क्याम्पस/कलेज छनौट गरेर Online भर्ना गरिनेछ । BPH कार्यक्रम केन्द्रीय जनस्वास्थ्य विभाग मार्फत कीर्तिपुरमा सञ्चालन गर्न प्रस्तावित गरिएको छ ।

ख) यस अध्ययन संस्थानले स्वास्थ्य मन्त्रालय तथा सो अन्तर्गतका विभिन्न अस्पतालहरु, त्रि.वि.चि.शा.अ.संस्थान अन्तर्गतका त्रि.वि.शिक्षण अस्पताल, सेन्टरहरु आदि संस्थाहरुलाई उपलब्ध गराईएको कोटाका परीक्षार्थीहरुको प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा छुट्याईएको कोटा अनुसार नै योग्यताक्रमको आधारमा प्रकाशन गरिनेछ ।

ग) प्रवेश परीक्षामा सफल भई छनौट भएका परीक्षार्थीहरुले भर्ना हुने समयमा तपसिल बमोजिमका कागजातहरु सम्वन्धित क्याम्पसहरुमा सक्कलै र सो को १/१ प्रति फोटोकपी अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

१) SLC वा सो सरह र प्रवीणता प्रमाणपत्र तह वा १०+२ को शैक्षिक योग्यताका प्रमाणपत्र, लब्धाङ्कपत्र र ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र ।

२) नागरिकताको प्रमाणपत्र ।

३) विदेशी शिक्षण संस्था वा त्रि.वि.बाहिरका शिक्षण संस्थाबाट उत्तीर्ण गर्नेहरुले माइग्रेशन प्रमाणपत्र ।

४) विदेशी शिक्षण संस्था वा त्रि.वि.बाहिरका शिक्षण संस्थाबाट उत्तीर्ण गर्नेहरुले समानस्तर निर्धारण पत्र ।

५) BNS शैक्षिक कार्यक्रमको हकमा, कार्यरत संस्थाले अध्ययन गर्न अनुमति दिएको स्वीकृतिपत्र वा सेवाबाट अवकाश लिएको भए राजीनामा स्वीकृतिपत्र तथा कम्तिमा एक वर्षको सेवा अनुभवको पत्र आदि ।

६) निरोगिताको प्रमाण पत्र (Hearing, Vision including color vision तथा Hepatitis B vaccination सहित) ।

घ) प्रवेश परीक्षा र भर्ना प्रकृयामा झुठो विवरण पेश गरी भर्ना भई अध्ययन गरेमा कुनै पनि समयमा त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थानले भर्ना खारेज गर्न सक्नेछ ।

ङ) कुनै पनि शैक्षिक कार्यक्रममा विदेशीको कोटा रिक्त हुन गएमा सो रिक्त कोटालाई पूर्ण शुल्कीय कोटामा परिणत गरी स्वदेशी परीक्षार्थीलाई प्रवेश परीक्षाको योग्यताक्रम अनुसार भर्ना गरिनेछ ।

च) त्रि.वि.चि.शा.अ.संस्थानबाट सम्बन्धन प्राप्त कलेजहरुमा संचालन हुने विभिन्न शैक्षिक कार्यक्रमहरुमा भर्ना भई अध्ययन गर्न चाहने इच्छुक नेपाली तथा विदेशी विद्यार्थीहरुले चालु शैक्षिक वर्षको प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ । प्रवेश परीक्षा नदिएका र प्रवेश परीक्षा अनुत्तीर्ण हुनेले भर्ना हुन पाउने छैनन् ।

छ) योग्ताक्रममा छनौट भई भर्ना भएका विद्यार्थीहरुले त्रि.वि. ऐन, नियम अनुसार पालना गर्नु पर्ने सबै नियम कानुनको पालना अनिवार्य रुपले गर्नु पर्नेछ ।

ज) BNS शैक्षिक कार्यक्रमको हकमा उत्तीर्ण हुने परीक्षार्थीले आफूले अध्ययन गर्न चाहेको समुह (Community/Adult/Child/Psychiatric Nursing) र क्याम्पस, Counseling को समयमा रोज्नु पर्नेछ । BNS शैक्षिक कार्यक्रमको विभिन्न अस्पताल तथा केन्द्रहरुलाई छुट्याईएको कोटाका सीटहरु रिक्त हुन आएमा सहुलियत शुल्कीय कोटा तर्फ लगी सफल परीक्षार्थीहरुबाट योग्यताक्रमानुसार पूर्ति गरिनेछ । यसरी पनि सीट पूर्ति हुन नसकेमा सफल परीक्षार्थीहरुबाट सम्बन्धित क्याम्पसले नियमानुसार दरखास्त आव्हान गरी प्राप्त आवेदनहरु मध्येवाट योग्यताक्रमानुसार सीट पूर्ति गरिनेछ ।

झ) BDS शैक्षिक कार्यक्रममा भर्ना हुनका लागि प्रवेश परीक्षा दिई सफल भएका परीक्षार्थीहरुबाट सीट पूर्ति हुन नसकि रिक्त हुन गएमा त्यस्ता सीटहरु पूर्तिका लागि MBBS शैक्षिक कार्यक्रमका सफल परीक्षार्थीहरुबाट योग्यताक्रमका आधारमा सीट पूर्ति गर्न सकिनेछ ।

ञ) B.Optom, BASLP र B.Sc.Nursing शैक्षिक कार्यक्रमहरुको Common Entrance हुनेछ तर आवेदन दिदा परीक्षार्थीले आफूले अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रम तोक्नु पर्नेछ । B.Sc.Nursing शैक्षिक कार्यक्रमको हकमा उत्तीर्ण हुने परीक्षार्थीबाट Open house counseling मार्फत आफूले अध्ययन गर्न चाहेको क्याम्पस सोही समयमा रोज्नु पर्नेछ ।

ट) B.Optom, BASLP र B.Sc.Nursing शैक्षिक कार्यक्रममा भर्ना हुनको लागि सम्बन्धित बिषयको प्रवेश परीक्षा दिई सफल भएका परीक्षार्थीहरुबाट सीट पूर्ति हुन नसकी खाली हुन गएमा त्यस्ता सीटहरु पूर्ति गर्नको लागि B.Optom, BASLP वा B.Sc.Nursing शैक्षिक कार्यक्रमहरुमा आवेदन दिएका सफल परीक्षार्थीहरुबाट सो रिक्त सीट पूर्ति गरिनेछ । यस प्रकृयापछि पनि सीट खाली रहेमा Science PCL/10+2 Biology Group अन्तर्गत MBBS / BDS / B.Sc.Nursing / B.Optom / BASLP / BPH / B.Pharm / BAMS / B.Sc.MLT / B.Sc.MIT शैक्षिक कार्यक्रमका सफल परीक्षार्थीहरुबाट योग्यताक्रमको आधारमा सीट पूर्ति गर्न सकिनेछ ।

ठ) B.Pharm र BAMS शैक्षिक कार्यक्रमको प्रवेश परीक्षामा सफल भएका सम्बन्धित विषयका सबै परीक्षार्थीहरुबाट पनि सीट पूर्ति हून नसकेमा Science PCL/10+2 Biology Group अन्तर्गत MBBS / BDS / B.Sc.Nursing / B.Optom / BASLP / BPH / B.Pharm / BAMS / B.Sc.MLT / B.Sc.MIT शैक्षिक कार्यक्रमका सफल परीक्षार्थीहरुबाट योग्यताक्रमको आधारमा सीट पूर्ति गर्न सकिनेछ ।

ड) BPH, B.Sc. MLT र B.Sc. MIT शैक्षिक कार्यक्रमहरुमा चिकित्सा विज्ञान वा विज्ञान समूहको लागि छुट्टयाईएका सीटहरु सो समूह तथा बिषयका लागि सफल भएका परीक्षार्थीहरुबाट पूर्ति हुन नसकेमा, योग्यताक्रममा सम्बन्धित बिषयको स्वास्थ्य विज्ञान तथा विज्ञान प्रमाणपत्र समूहबाट सोहि शैक्षिक कार्यक्रमको एक अर्काको समूहका रिक्त सीटहरु पूर्ति गरिनेछ । यसरी पनि सीट पूर्ति हून नसकेमा B.Sc. MLT / B.Sc. MIT शैक्षिक कार्यक्रमहरुमा Science PCL/10+2 Biology Group अन्तर्गत MBBS / BDS / B.Sc.Nursing / B.Optom / BASLP / BPH / B.Pharm / BAMS / B.Sc.MLT / B.Sc.MIT शैक्षिक कार्यक्रमका सफल परीक्षार्थीहरुबाट योग्यताक्रमको आधारमा सीट पूर्ति गर्न सकिनेछ । साथै, BPH शैक्षिक कार्यक्रमका हकमा BNS लगायत MBBS / BDS / B.Sc.Nursing / B.Optom / BASLP / B.Pharm / BAMS / B.Sc.MLT / B.Sc.MIT शैक्षिक कार्यक्रममा आवेदन दिई सफल भएका परीक्षार्थीहरुबाट योग्यताक्रमको आधारमा सीट पूर्ति गरिनेछ ।

ढ) कक्षा संचालन २०७६ कार्तिक १ गतेबाट हुनेछ ।

## ८. भर्ना पछि पूर्व जानकारी राख्न आवश्यक नियमहरु:

क) MBBS शैक्षिक कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुले प्रथम फेजमा (**प्रथम र द्वितीय वर्ष**) अध्यापन हुने सबै विषयहरु उत्तीर्ण नगरी दोश्रो फेजमा अध्ययन गर्न पाउने छैनन् । प्रथम फेजका नियमित परीक्षा पश्चात् अरु ३ पटक पुन: परीक्षामा बस्न पाउनेछन् । आफ्नो नियमित परीक्षा पश्चातका ३ वटै माथि उल्लेख गरिएका पुन: परीक्षाहरुमा पनि अनुत्तीर्ण हुने विद्यार्थीको नाम MBBS शैक्षिक कार्यक्रमबाट हटाई भर्ना रद्द गरिनेछ । साथै, बिद्यार्थीले कुनै पनि बिषयमा बढीमा २ पटकसम्म स्वेच्छाले परीक्षा फारम नभरी परीक्षा स्थगन (Drop) गर्न सक्नेछ । सो स्थगन (Drop) लाई परीक्षामा गणना गरिने छैन ।

ख) BDS शैक्षिक कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुले प्रथम बर्ष र द्वितिय बर्षमा अध्यापन हुने सबै बिषयहरु उत्तीर्ण नगरी तेश्रो बर्षमा अध्ययन गर्न पाउने छैनन् । प्रथम बर्ष र द्वितीय बर्षको नियमित परीक्षा पश्चात् अरु ३ पटक पुन: परीक्षा दिन पाउने छन् । आफ्नो नियमित परिक्षा पश्चात्का ३ वटै माथि उल्लेखित पुन: परीक्षाहरुमा पनि अनुत्तीर्ण हुने विद्यार्थीहरुको नाम BDS शैक्षिक कार्यक्रमबाट हटाई भर्ना रद्द गरिनेछ । साथै, बिद्यार्थीले कुनै पनि बिषयमा बढीमा २ पटक सम्म स्वेच्छाले परीक्षा फारम नभरी परीक्षा स्थगन (Drop) गर्न सक्नेछ । सो स्थगन (Drop) लाई परीक्षामा गणना गरिने छैन ।

ग) BAMS को हकमा प्रथम प्रोफेशनलको सबै विषयहरु उत्तीर्ण भएपछि मात्र दोश्रो प्रोफेशनलमा भर्ना भई अध्ययन गर्न पाइनेछ । प्रथम प्रोफेशनलको नियमित परीक्षा अनुत्तीर्ण भएमा ३ पटक मात्र पुन: परीक्षा दिन पाइनेछ । उक्त तेश्रो पुन: परीक्षामा पनि असफल हुने विद्यार्थीहरुको नाम BAMS शैक्षिक कार्यक्रमबाट हटाई नीजको भर्ना रद्द गरिनेछ । दोश्रो प्रोफेशनलको सबै विषयहरु उत्तीर्ण भएपछि मात्र तेश्रो प्रोफेशनलको परीक्षा दिन पाइनेछ ।

घ) त्रि.वि.प्राज्ञिक परिषदको २०६४ चैत्र १८ को निर्णय नं. १ अनुसार महाराजगञ्ज चिकित्सा क्याम्पसबाट सहुलियत शुल्कीय कोटामा MBBS अध्ययन पुरा गर्ने नेपाली विद्यार्थीहरूले नेपाल सरकारले तोकेको ठाउंमा गई २ बर्ष अनिवार्य रूपले सेवा गर्ने कबुलियतनामा गर्नुपर्नेछ ।

ङ) यस अध्ययन संस्थानका क्याम्पस/कलेजहरुमा भर्ना भएपछि अन्य अध्ययन संस्थान वा संकाय अन्तर्गतका क्याम्पसमा पढिरहेको वा पछि अन्यत्र क्याम्पसमा भर्ना भएको प्रमाणित भएमा त्यस्ता विद्यार्थीहरुको भर्ना चि.शा.अ.सं.बाट तुरुन्त रद्द गरिनेछ । कारणवश भर्ना रद्द हुने वा क्याम्पस छाडी जाने विद्यार्थीको धरौटी

रकम मात्र (६ महिना पछि) फिर्ता गरिनेछ ।

च) चि.शा.अ.संस्थानको कुनै पनि तहको कुनै पनि शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुले सो शैक्षिक कार्यक्रमको अध्ययन पूरा नगरी चि.शा.अ.संस्थानको कुनै पनि क्याम्पसको कुनै पनि शैक्षिक कार्यक्रमका लागि प्रवेश परीक्षामा बस्न पाउने छैनन् ।

९. शिक्षण शुल्क, सीट संख्या सम्बन्धी विस्तृत सूचना पछि प्रकाशित गरिनेछ ।

१०. प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी सम्पूर्ण अधिकार त्रि.वि. चिकित्सा शास्त्र अध्ययन संस्थानमा निहीत रहनेछ ।

.......................................................

सदस्य सचिव

स्नातक तह प्रवेश परीक्षा संचालक समिति २०७६/०७७

मिति: २०७६ श्रावण २३ गते